नेपाल सरकार
भूमि व्यवस्था , सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि सुधार तथा मालपोत कार्यालय

परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

का.प्रमुखः- ९८५७०४६१७७
मालपोतः- ०७८-५२०७६३
इमेलः parasi@dolma.gov.np

मिति २०७७/११/१९

## भू सेवा केन्द्र सञ्चालनको अनुमति लिने सम्बन्धी अत्यन्त जरुरी सूचना

भू सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ को दफा ४ अनुसार भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट मिति २०७७ माघ १४ गते कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार यस कार्यालयमा भू सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ लागु गर्ने निर्णय भएको व्यहोरा जानकारीको हुन आएकोले भू सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्नको लागि मालपोत नियमावली २०३६ नियम २३क र २३ख बमोजिम योग्यता पुगेका तथा भू सेवा केन्द्र सञ्चालन निर्देशिका २०७६ दफा ७ मा तोकिए बमोजिम पूर्वाधार पुरा भएका इच्छुक व्यक्ति,संस्था तथा स्थानिय सरकारले अनुमति लिनको लागि मिति २०७७।११।१९ देखि २०७७।१२।२०सम्म **https://public.dolma.gov.np** मार्फत अनलाईन निवेदन पेश गरी सो सँग सम्बन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरीएको छ।

## भू सेवा केन्द्रको अनुमति किसिम र योग्यता तपशिल अनुसार हुने छ।

| व्यक्तिको हकमा | रजिष्टर्ड संस्थाको हकमा | स्थानीय तहको हकमा | कानुन व्यवसायी वा लेखापढी व्यवसाय गर्न प्रमाण पत्र प्राप्त व्यक्तिको हकमा | साधारण प्रयोगकर्ताको हकमा |
|---|---|---|---|---|
| क.) नेपाली नागरिक। ख.) अठार वर्ष उमेर पुरा भएको। ग.) कम्प्यूटर विषय लिई कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धि कम्तिमा छ महिनाको तालिम प्राप्त गरेको। घ.) प्रचलित कानुन | क.) प्रचलित कानुन बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको। ख.) संस्थामा काम गर्ने जनशक्ति नेपाली नागरीक भै अठार वर्ष उमेर पुरा भएको। ग. संस्थामा काम गर्ने जनशक्तिको योग्यता कम्प्युटर विषय लिई कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धि कम्तिमा छ | सेवा केन्द्र सञ्चालन गर्ने जनशक्ति र पूर्वाधार भएको। | क.) कानुन व्यवसायी वा लेखापढी व्यवसायको प्रमाण पत्र भएको ख.) नेपाली नागरीक। ग. प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको। घ.) कर चुक्ताको प्रमाण भएको। | क.) प्रयोग कर्ताको नाममा जगाधनी दर्ता प्रमाण पूर्जा भएको ख.) आफ्नो नाममा भएका कित्ता विवरण भू सुचना प्रणालीमा अध्यावधिक भएको तर भू सुचना प्रणालीमा देखिएको विवरण र जगाधनि दर्ता श्रेष्तामा भएको विवरण फरक परी |

नेपाल सरकार
भूमि व्यवस्था , सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि सुधार तथा मालपोत कार्यालय

परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

का.प्रमुखः- ९८५७०४६१७७
मालपोतः- ०७८-५२०७६३
इमेलः parasi@dolma.gov.np

| | | | | |
|---|---|---|---|---|
| बमोजिम स्थायी लेखा नम्बर लिएको । ङ.) सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको । च.) नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धि कुनै कसुरमा अदालतबाट दोषि प्रमाणित नभएको । | महिनाको तालिम प्राप्त गरेको । घ.) प्रचलित कानुन बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको । ङ.) कर चुक्ताको प्रमाण पत्र र च. भू सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको । | | ङ.) भू सेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिमको भौतिक पूर्वाधार भएको । | जगाधनी पहिचानमा समस्या देखिएमा जगाधनिले सम्बन्धित कार्यालयमा गई डाटा अध्यावधिक गराउनु पर्नेछ । |

**भू सेवा केन्द्र सञ्चालनको लागि चाहिने पूर्वाधार**

क. ) कम्प्युटर
ख. ) प्रिन्टर
ग. ) ब्याकअप सिस्टम
घ. ) स्क्यानर
ङ. ) भू सुचना प्रणालीसंग कम्प्यटिवल हुने वायोमेट्रिक डिभाईस (finger print device) र ( internet connectivity) कम्तिमा २/२ mbps को dedicated line भएको ।

**अनुमति पत्रको दस्तुर,अवधि तथा नविकरण सम्बन्धि व्यवस्था**

१. साधारण प्रयोगकर्ताले युजर एकाउन्ट खोल्नका लागि सम्बन्धित कार्यालयमा पाँच सय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ र प्रत्येक दश वर्षमा नवीकरणका लागि एक सय रुपैयाँ दस्तुर बुझाउनु पर्नेछ ।
२. साधारण प्रयोगकर्ताले युजर एकाउण्ट नविकरण नगरेको अवस्थामा अनलाईन प्रणालीमा त्यस्ता प्रयोगकर्ताको पहुँच स्वत: निस्कृय हुनेछ ।

१. भू सेवा केन्द्र सम्बन्धि अनुमति पत्र लिन देहाय बमोजिमको दस्तुर लाग्ने छ:-
क. ) व्यक्तिको हकमा तीन हजार रुपैया ।
ख. ) संस्थाको हकमा पाँच हजार रुपैया ।
उक्त दस्तुर यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय परासीको राजश्व शिर्षक नं. **१४२२९** प्रशासनिक दस्तुर, कार्यालय कोड नं. ३३६०१४७०१ भूमीसुधार तथा मालपोत कार्यालय परासीको नाममा जम्मा भएको सक्कलै भौचर पेश गर्नु पर्ने छ ।

२. भू सेवा केन्द्र

भूमि व्यवस्था , सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

का.प्रमुख:- ९८५७०४६१७७
मालपोत:- ०७८-५२०७६३
इमेल: parasi@dolma.gov.np

# भूमि सुधार तथा मालपोत कार्यालय

**परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)**

३. सञ्चालनको अनुमति लिन चाहने व्यक्ति वा संस्थाले धरौटी वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को नाममा सञ्चालनमा रहेको राष्ट्रिय बाणिज्य बैंक परासी स्थित बैंक खाता नं. ३१००१००१०२०३०००० मा कार्यालयको कोड नं. ३३६०१४७०१ भूमि सुधार तथा मालपोत कार्यालयमा दाखिल गरी सोको दोश्रो प्रति सक्कलै भौचर पेश गर्नु पर्नेछ। बैंक धरौटी बापत देहाय बमोजिमको नगद रकम जम्मा गर्नु पर्नेछ। बैंक ग्यारेण्टीको हकमा चालु आर्थिक वर्षको बाँकी रहेको अवधिमा एक महिना थप गरी कायम हुने कुल अवधिको देहाय बमोजिमको रकम बरावरको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ।

क. ) व्यक्तिको हकमा पचास हजार रुपैया।

ख. ) संस्थाको हकमा दुई लाख रुपैया।

४. स्थानिय तहलाई भू सेवा केन्द्रको अनुमति लिन र नविकरण गर्न कुनै दस्तुर लाग्ने छैन।

५. भू सेवा केन्द्र सञ्चालनको अनुमति पत्रको अवधि एक आर्थिक वर्षको हुने छ।

२०७८/११/१८

कुमार आचार्य
कार्यालय प्रमुख